# Daily Newsletter

Techical Analysis

## नेप्से को दैनिक विश्लेषण

## "नकारात्मक समाचारका बाबजुद नेप्से २,७५३.३८ मा बन्द, उच्च कारोबारसहित बजार हरियो "




**नेप्से चार्ट (२३ फेब्रुअरी २०२५)**

## नेप्से विश्लेषण

फागुन ११ गते, नेप्से परिसूचक २,७५३.३८ विन्दुमा बन्द भएको छ। यस क्रममा, नेप्से ९ .६३ अङ्कले वृद्धि भएर ०.३५% %ले उकालो लागेको छ,आज कारोबर रकम ११.४९ अर्ब माथि , जसले सेयर बजारमा सकारात्मक दृश्य देखाएको छ।

**प्रतिरोध क्षेत्र २७२० विन्दु भन्दा माथि रहे ,आधार क्षेत्र २६५० विन्दुमा**

आजको सेयर बजार कारोबार सुरूवाती एक घण्टामा दबाबमा देखिए पनि अन्ततः हरियालीमा बन्द भएकोछ । नकारात्मक समाचारहरूको बाबजुद बजार टिकिरहेको देखिन्छ, जसले आगामी दिनहरूमा बजार बढ्ने संकेत गर्दछ ।

आजको कारोबारमा बलियो बुलिश क्यान्डल बनेको छ, जसमा लामो विक देखिएको छ। यसको अर्थ लगानीकर्ताहरूले बजारलाई माथि धकेल्न चाहेका थिए। साथै,पहिलो घण्टामा मात्रै ४.५ अर्बभन्दा बढीको कारोबार भएको छ, जुन उच्च कारोबार परिमाणलाई दर्शाउँछ।

**प्राविधिक विश्लेषण**

**20D Moving average** : आज नेप्से २० दिन को MA मा आएर माथि फरेको छ ।

**Bollinger Band** : आज middle band को support बाट मर्केत माथि फरेको छ।

**MACD :** हिस्टोग्राममले खरीद दबाब (buying pressure) को संकेत गर्दै Bars हरु पनि ग्रीन बन्दै गएको हेर्न सकिन्छ यसले बजारको सकारात्मक प्रवृत्तिको सम्भावना दर्शाउँछ।

**RSI** : ६७.८८ मा रहेको छ ,जुन राम्रो strength हो।